# ७ एकताः आत्मिक पुनर्जागरणको बन्धन

***यस अध्यायका मूल पदहरूः*** प्रेरित ४:३२,३३, यूहन्ना १७:९-११, २०-२४, १ कोरन्थी १२:१२-१८, प्रेरित १:८, प्रेरित १५:१-३१, मत्ती १८:१६-२०।

***स्मरण गर्नुपर्ने पदः*** "प्रभुको लागि म कैदी भएको छु। परमेश्वरले तिमीहरूलाई चुन्नुभएको छ। त्यसै अनुसार योग्य अर्थात् यथोचित जीवनशैलीमा हिँड्नु भनेर तिमीहरूलाई मैले भनिरहेको छु। अहङ्कारमा नफूल। धैर्यधारण गर। प्रेमको खातिर एक आफसमा सहनशीलता अपनाऊ। तिमीहरू सबै जनालाई कुनै न कुनै प्रकारले एकतामा राख्न पवित्र आत्माले सक्षम् पार्नुहुन्छ। त्यसकारण एकै मनका हुन सकेसम्म प्रयार गर। शान्तिले तिमीहरू सबैलाई बाँधी राखोस्।" (एफिसी ४:१-३ रूपान्तरित)।

आत्मिक पुनर्जागरणको एक महत्त्वपूर्ण भाग एकता हो। **असहमत, कचकच गर्ने स्वभाव र आपसी मनमुटाब तथा झगडाले पुनर्जागरणलाई प्रोत्साहित गर्दैन। संसारमा ख्रीष्टको लक्ष्य बोकेका चेलाहरू एक भएर प्रार्थनामा तल्लिन हुँदा पेन्टिकोस्टको दिनमा पवित्र आत्मा खन्याइएको थियो। आफसी बैमनश्यता, आफ्नो भाऊ खोज्ने वा झगडा गर्ने र फरक विचारमा ढिपी गरेर बस्ने भनेको ख्रीष्टको वृहत योजना वा लक्ष्यको महत्त्वपूर्ण भाग होइन। चर्चमा भाऊ खोज्ने निति र शक्तिको लागि तँछाडमछाड गर्ने विश्वासीको नियतले हराएकाहरूलाई खोजेर ख्रीष्टको दायरामा ल्याउने लक्ष्य पूरा हुँदैन। ख्रीष्टको आदेशमा विश्वासीहरूको पद महत्त्वपूर्ण छैन। यदि सुरूका चेलाहरूले ठूलो सानो, पुरानो वा नयाँ, जान्ने नजान्नेको आधारमा शक्तिको निम्ति संघर्ष गरिएको भए सुरूदेखि नै परमेश्वरको काम असफल हुन्थ्यो। बरू पवित्र आत्माको अगुवाईमा चेलाहरूमा त्यागी भावना जागेको थियो। आफू मरेर भएपनि अरू बाँचोस् भन्ने निश्वार्थी भावनाले तिनीहरू प्रेरित भएको थियो। त्यसले गर्दा येशूको आदेश पालन गर्न र लक्ष्यमा पुग्न तिनीहरू एक भएका थिए।**

जहाँ एकता हुँदैन त्यहाँ आत्मिक पुनर्जारण हुँदैन। जब इसाईहरू शक्ति वा अधिकारको निम्ति एक आपसमा मनमुटाब गर्छन्, लडछन्, अरूलाई पछारेर आफू माथि आउन खोज्छन् तब त्यस अवस्थामा पवित्र आत्माले आफ्नो काम गर्न सक्नुहुन्न। हामीहरूमा भएको फरक स्वभाव र समस्याहरूलाई पन्छाउनु आवश्यक छ। जुन असहमतले हामीलाई टाडा राख्छ त्यसलाई कुनामा धकेलेर परमेश्वरको महिमाको निम्ति आफू निहरिनु अनिवार्य छ। ख्रीष्टले आफ्नो चर्चलाई एकताको सुत्रमा बाँध्ने चाहनामा हामी भित्रिन हामीमा भएको कुनै पनि अहँतालाई त्याग्नै पर्दछ।

## १. ख्रीष्टले एकताको निम्ति गर्नुभएको प्रार्थनामा येशूभक्तहरूको जवाफदेहिता (प्रेरित ४:३२,३३)

परमेश्वरको सामु उहाँका तत्कालिन र भविष्यका उपासकहरूको निम्ति सहजकर्ता भएर येशूले गर्नुभएको अत्यन्त महान् मध्यस्थको प्रार्थना यूहन्ना १७ अध्यायमा रेकर्ड गरिएको छ। संसारको इतिहासको त्यस महत्त्वपूर्ण घडीमा येशूको दिमागमा के भइरहेको थियो भनेर त्यस यूहन्ना १७ अध्यायमा राखिएको लेखालाई हरेक इसाईले आत्मसात् गर्नु अत्यन्त जरूरी छ।

हृदयदेखि येशूको चाहना के थियो, त्यो किन अति महत्त्वपूर्ण छ र येशूका उपासक वा इसाई हुँ भनेर दावी गर्नेहरूले आफ्नो सत् इसाई आस्थाको चरितार्थ एक आपसमा हुने सम्बन्धले कसरी देखाउँदो रहेछ भनेर यूहन्ना १७:९-११, २०-२४सँग प्रेरित ४:३२,३३ पढौं: “तिनीहरूको लागि म प्रार्थना गर्दै छु। दुनियाँको लागि त होइनँ, तर तपाईंले मलाई दिनुभएका मानिसहरूका लागि नै म प्रार्थना गर्दै छु किनभने तिनीहरू तपाईंकै हुन्। १० मसँग भएका सबै तपाईंका हुन् र तपाईंका सबै मेरा हुन् अनि तिनीहरूद्वारा मेरो महिमा प्रकट भएको छ। ११ अब म तपाईंकहाँ आउँदै छु। म धेरै बेर यस संसारमा रहन्नँ, तर यिनीहरू भने यस संसारमा रहन्छन्। हे पवित्र पिता, तपाईं र म एक भएजस्तै तपाईंले मलाई दिनुभएकाहरू पनि एक होऊन् भनेर तिनीहरूलाई तपाईंको नाउँको शक्तिले जोगाइराख्नुहोस्, जुन नाउँ तपाईंले मलाई दिनुभएको छ।"**.......**२० “म यिनीहरूका लागि मात्र होइन, तर यिनीहरूका शिक्षाले गर्दा ममाथि विश्वास राख्नेहरूका लागि

पनि प्रार्थना गर्दै छु। २१ तिनीहरू सबै एक हुन सकून् भनेर म बिन्ती गर्दै छु। हे पिता, तपाईं ममा र म तपाईंमा भई हामी एक भएजस्तै तिनीहरू पनि हामीमा भएर एउटै हुन सकून् र तपाईंले नै मलाई पठाउनुभएको हो भनी संसारले बुझ्न सकोस्। २२ तपाईंले मलाई जुन महिमा दिनुभएको छ, त्यही महिमा मैले अहिले तिनीहरूलाई पनि दिएको छु, जसरी तपाईं र म एक हौं, त्यसरी नै तिनीहरू पनि एक हुन सकून्। २३ म तिनीहरूमा र तपाईं ममा हुनुहुन्छ। यही रीतिले तिनीहरू पनि पूर्णरूपमा एक हुन सकून्। यसैबाट तपाईंले नै मलाई पठाउनुभएको हो र तपाईंले मलाई प्रेम गर्नुभएजस्तै तिनीहरूलाई पनि प्रेम गर्नुहुन्छ भनी संसारले जान्न सकोस्।२४ "हे पिता, तपाईंले मलाई दिनुभएका मानिसहरू मसँग नै रहून् र तपाईंले मलाई दिनुभएको महिमा तिनीहरूले देख्न सकून्, जुन महिमा तपाईंले सृष्टि हुनुभन्दा अघिदेखि नै मलाई प्रेम गर्नुभएको हुनाले दिनुभयो।" र प्रेरित ४:३२-३५, " प्रभुमा विश्‍वास गर्नेहरू सबै एउटै मन र एउटै तनका भएका थिए। तिनीहरूमा कसैले पनि कुनै चीज 'यो मेरो हो' भनेर भन्दैनथे। तर तिनीहरूसँग भएका सबै कुरा सबैले साझा सम्झन्थे। ३३ प्रभु येशू मरेकोबाट बिउँतनुभएको छ भनी प्रेरितहरूले ठूलो शक्ति पाएर गवाही दिन्थे र परमेश्‍वरले तिनीहरू सबैमाथि दया गरेर प्रशस्त आशिष् खन्याउनुहुन्थ्यो। ३४ तिनीहरूमा कसैलाई केही कुराको खाँचो थिएन। खेत वा घरबारी हुनेहरूले बेचेर ३५ त्यसबाट आएको पैसा प्रेरितहरूकहाँ ल्याउँथे अनि तिनीहरूले आवश्यकताअनुसार त्यो पैसा बाँड्थे।"

येशूका एकसय बीस जना पुरूष तथा महिला चेलाहरू एकै मनले आआफ्ना हृदयलाई पवित्र आत्माको शक्ति पूर्ण रूपमा पाउन जम्मा भएका थिए। त्यसबेला ख्रीष्टको "सबै जना एक होउन्" भन्ने प्रार्थना पूरा भएको थियो। येशूका चेलाहरूमा भएका फरक फरक मतहरूलाई त्यागिए। एक आपसप्रतिको माया प्रेमले विजयी पाएको थियो। एक आपसमा भएको कुनै पनि असहमती र झगडा हटाइएको थियो।

एउटै मन र एउटै आत्मा भएर जम्मा हुँदा चेलाहरूले ठूलो शक्तिका साथ गवाही दिन सक्षम् भए भनेर प्रेरित ४:३२,३३ले बताउँदछन्। जुन स्थानबाट इसाई धर्मको सुरूवात भयो त्यो ठाउँमा

त्यस धर्म लोकप्रिय थिएन। प्रथम् शताव्धीको यरूशलेमले येशूप्रतिको आस्थालाई तिरस्कार गरेको थियो। तर ती समर्पित येशूका भक्तहरूले आफूसँग भएका कुराहरूलाई बाँडचुड गरे र येशूको महिमाको निम्ति ज्यादै कडा परिश्रम गरे। तिनीहरूले एक आपसमा टेवा दिएका थिए। विश्वासीहरूको मनमा एकले अर्कोलाई सेवा गर्ने भावनामा प्रेरित भएका थिए। आफ्ना व्यक्तिगत महत्त्वाकाँक्षा र भाऊलाई तिनीहरूले पन्छाएका थिए। त्यसकारण येशूका चेलाहरूको निश्वार्थी मनस्थिति र दया देखाउने जोशले पवित्र आत्मा पूर्ण रूपमा तिनीहरूमा खनिन तिनीहरू तयार भएका थिए। पवित्र आत्माले भरिपूर भएपछि तिनीहरू येशूको बारेमा प्रचारप्रसार गर्न शक्ति पाएका थिए।

"जब ख्रीष्टका चेलाहरू पूर्ण रूपमा एक भए तब को भन्दा को ठूलो भन्ने मनस्थितिबाट तिनीहरू स्वतन्त्र भएका थिए। तिनीहरूको बीचमा ठूलो पद पाउनको निम्ति मनमुटाब र झगडा हटेका थिए। अनि पवित्र आत्मा तिनीहरा खनिएका थिए। तिनीहरू सबै जना एकमत भएका थिए। तिनीहरूमा भएका सबै कचकचहरू पन्छिएका थिए।"-एलेन जी ह्वाइट, काउन्सिल फर द चर्च, पृ. ९८बाट रूपान्तरित।

**उपरोक्त परिप्रेक्ष्यमा यूहन्ना १७ अध्यायमा येशूले गर्नुभएको प्रार्थना पूरा भएको थियो। त्यस अध्यायमा कोरिएको उहाँको प्रार्थना केवल इतिहासमा मात्र सिमित नराखी हामीहरूकै चर्चलाई पनि किन महत्त्व नमान्ने? प्रथम् शताव्धीका विश्वासीहरूको बीचमा एकता होस् भन्ने येशूको आकांक्षा आजको हाम्रो चर्चलाई पनि हो भनेर किन आत्मसात नगर्ने?**

## २. नयाँ करारमा एकताको ज्वलन्त उदाहरणहरू (१ कोरन्थी १२:१२-२८)

प्रथम् शताव्धीको नयाँ करारको संसारमा मानिसहरू विभिन्न सामाजिक र जातिय रूपमा विभाजित भएका थिए। त्यस ताका पनि गरिब र धनी, पुरूष र महिलाको बीचमा भेदभावहरू थिए। त्यसबेलाका समाज ठूलो सङ्कतमा थिए। स्वतन्त्रता, न्यायोचित र उचित व्यवहार, इमान्दारिता र मानव अधिकारहरू लोकप्रिय थिएनन् न त मान्य नै थिए।

त्यस्तो परिवेशमा इसाई आस्था त्यस संसारमा पसे। त्यसले समाजमा विद्रोहको ज्वाला सल्काइ दियो। सबैलाई न्यायोचित र उचित व्यवहार गर्नु पर्छ, इमान्दारी हुनुपर्छ, गरिवगुरूवाहरूलाई सहायता गर्नुपर्छ, जुनसुकै जातजातिका भएतापनि एक आपसमा आत्मसम्मान गर्नुपर्छ भनेर येशूले सिकाउनुभएको निति त्यस ताकाको समाजमा नौलो थियो। फेरि सृष्टि र मुक्तिको धारणामा एक भएका कारण नयाँ करारका येशूका भक्तहरू एकजुट भएका थिए। सारा मानिस जातिहरू एकै परमेश्वरका सृष्टि हुन् भनेर येशूभक्तहरूले प्रचार गरेका थिए। ख्रीष्टको क्रुसले विना भेदभाव सबै जनाले मुक्ति पाउन सक्छ भनेर पनि तिनीहरूले सिकाएका थिए। पुरूष होस् वा महिला होस्, धनी होस् वा गरिब होस्, देशी होस् वा विदेशी होस्, मान्ने नमान्ने जनजाति होस् वा मान्य प्रतिष्ठित जाति होस्, कालो होस् वा गोरा होस्, तिनीहरू सबै परम् पिता परमेश्वरको सामु अत्यन्त ठूलो मूल्यका छन् भन्ने प्रमाण क्रुसले स्पष्ट रूपमा देखाएको थियो।

**विभिन्न खालका विश्वासीहरू एक भएर परमेश्वरको निम्ति क्रियाशील भएका थिए भनेर तलका पदहरूले कसरी देखाएका छन् हेर्नुहोस्ः १ कोरन्थी १२:१२-२०, " हाम्रो एउटा जिउमा धेरै अङ्ग छन्- यी बेग्ला-बेग्लै अङ्ग मिलेर एउटै जिउ बन्छ। ख्रीष्ट पनि यस्तै हुनुहुन्छ। १३ हामी यहूदी भए पनि, ग्रीक भए पनि, कमारा भए पनि, स्वतन्त्र भए पनि हामीले एउटै पवित्र आत्माद्वारा बप्तिस्मा पाएकोले एउटै शरीर भएका छौं अनि हामी सबैले एउटै आत्माबाट पिएका छौं। १४ किनभने मानिसको शरीर एउटै अङ्गले बनिएको होइन, तर धेरै अङ्ग मिलेर बनेको छ। १५ खुट्टाले म हात होइनँ। त्यसैकारण म शरीरको होइनँ भन्दैमा के खुट्टा शरीरको नहुने हो र? १६ कानले म आँखा होइनँ। त्यसैकारण म शरीरको होइनँ भन्दैमा ऊ शरीरको नहुने हो र? १७ पूरै शरीरमा आँखा मात्रै भयो भने केले सुन्ने? र कान मात्रै भयो भने केले सुँघ्ने? १८ शरीरमा भएका अङ्गहरू परमेश्वरले आफ्नै इच्छाले शरीरमा राखिदिनुभएको हो। १९ एउटै अङ्गले पूरै शरीर ढाक्यो भने शरीर हुने नै थिएन। २० अङ्गहरू धेरै छन्, तर शरीरचाहिँ एउटै छ।"**

**१ पत्रुस २:४-६, "प्रभुकहाँ आओ। उहाँ मानिसले काम नलाग्ने भनी पन्छाएको तर परमेश्वरले रोज्नुभएको अनमोल जीवित पत्थर हुनुहुन्छ। ५ तिमीहरू पनि जिउँदा ढुङ्गाहरू भएर आओ र**

**आत्मिक मन्दिर बनाउन आफैंलाई सुम्पिदेओ। त्यहाँ तिमीहरू येशू ख्रीष्टको नाताले गर्दा परमेश्वरलाई मनपर्दो आत्मिक बलिदान चढाउने पवित्र पूजाहारीको काम गर्नेछौ। ६ धर्मशास्त्रले भन्छ,"हेर! मैले छानेको धेरै मोलको मूल ढुङ्गा सियोनमा राखेको छु। उहाँमा विश्वास गर्ने कहिल्यै निराशामा पर्नेछैन।"**

**चर्चमा** त्यसताका भइरहेको एकताका प्रभावशाली अनुकरणीय उदाहरणहरू ती भन्दा अरू के होला? चर्च र त्यसका सदस्यहरू भनेका के हुन् भनेर प्रेरित पावलले मानव शरीरको उदाहरण दिएर देखाएका थिए। शरीरका प्रत्येक अङ्गहरू एक आपसमा टाँसेर बुनिएका छन्। शरीरका भागहरू एक आपसमा मिलोमत्तो गरेर काम गर्दछन् र एक आपसमा भर पर्दछन्। शरीरका प्रत्येक अङ्गको आआफ्नै विशेष काम हुन्छ। यदि शरीरको कुनै एक भागलाई दुःख भयो भने सम्पूर्ण शरीरलाई नै कष्ट हुन्छ (१ कोरन्थी १२:१८-२६)।

ईंटा अर्थात् पत्थरसँग तुलना गर्दै पत्रुसले आत्मिक निर्माणको उदाहरण दिन्छन्। विना पत्थर वा ईंटाले कुनै पनि भवन बनिन्दैन, त्यस्तै अध्यात्मिक भवनमा पनि प्रत्येक भक्त ईंटा अर्थात् पत्थर हुन्। गरिमामय मन्दिरको निम्ति पत्थर रूपी प्रत्येक उपासकहरू सिद्धरूपमा सजिएको हुन्छ। त्यसले येशूको नाउँको महिमा गर्दछ र उहाँको स्तुति प्रशंसा गर्दछ। प्रत्येक येशूभक्त एक आपसमा कसरी घनिष्ठसँग जोडिएको हुन्छ भनेर पत्रुस र पावलले दिएका उदाहरणहरूले स्पष्ट गर्दछ। संसारमा एक आपससँगको सम्बन्ध विच्छेद भएको छ, अधिकार पाउन तँछाडमछाडको स्थितिले पिरोलिएको छ, झगडा र कचकचले मानिसहरूलाई अन्धकारमा धकेलिरहेको छ। तर ती सबैलाई मायाको सूत्रमा बाँध्न येशूले वातावरण सृजना गर्नुहुन्छ। जब येशूभक्तहरू एक हुन्छन् तब इसाई धर्मको खिलाफमा कसैले पनि विवाद गर्द सक्दैन। विश्वासीहरू बीचको एकता नै इसाई आस्थाको स्मारक हो, त्यसलाई कसैले पनि तोड्न सक्दैन। त्यो सत्यलाई येशूले यसरी स्पष्ट पार्नुहुन्छः "म तिमीहरूलाई नयाँ आदेश दिन्छु। तिमीहरू एक आपसमा प्रेम गर। जसरी मैले तिमीहरूलाई प्रेम गरें त्यसरी नै तिमीहरूले एक आपसलाई प्रेम गर्नुपर्दछ। तिमीहरूकै एक आपसको

प्रेमले तिमीहरू मेरा भक्त वा चेला हौ भनेर सबैले देख्नेछन्।" (यूहन्ना १३:३४,३५ रूपान्तरित)।

यस अध्यायमा औंल्याएको अनुसार तपाईंको स्थानिय चर्चमा कस्तो एकतालाई प्रदर्शित पारिरहेको छ? तपाईं आफैले आफैलाई पनि सोध्नुहोस्: त्यस एकतामा तपाईंको भूमिका कस्तो छ? तपाईंको मनस्थिति, भावना वा भाऊ खोज्ने नितिले चर्चलाई सपारीरहेको छ कि बिगारीरहेको छ?

## ३. एकताका महत्त्वपूर्ण भागहरू: हाम्रो लक्ष्य र हाम्रो सन्देश (प्रेरित १:८)

नयाँ करारका विश्वासीहरूमा भावात्मक र न्यानोपनामा मात्र एकता नभएर त्यो भन्दा पनि पार भएका थिए।

नयाँ करारको चर्चको महान् चाहना के थियो र त्यस चाहना अनुसार तिनीहरू कसरी एक भए, देहायका पदहरूमा हेर्नुहोस्: प्रेरित १:८, "८ तर पवित्र आत्मा तिमीहरूमाथि आउनुभएपछि तिमीहरूले शक्ति पाउनेछौ। त्यसपछि तिमीहरू यरूशलेममा र पूरै यहूदिया र सामरिया क्षेत्रहरूमा अनि पृथ्वीका कुना-कुनासम्म मेरा साक्षी हुनेछौ।" प्रेरित ४:३३, "प्रभु येशू मरेकोबाट बिउँतनुभएको छ भनी प्रेरितहरूले ठूलो शक्ति पाएर गवाही दिन्थे र परमेश्वरले तिनीहरू सबैमाथि दया गरेर प्रशस्त आशिष् खन्याउनुहुन्थ्यो।" प्रेरित ५:४२, "त्यसपछि तिनीहरूले दिनदिनै मन्दिरमा र मानिसको घरहरूमा गएर येशू नै मुक्ति दिनुहुने राजा हुनुहुन्छ भन्ने सुसमाचार प्रचार गर्न छोडेनन्।" प्रेरित ९:३१, "त्यसपछि यहूदिया, गालील र सामरिया क्षेत्रमा भएका सबै मण्डलीहरूलाई ढुक्क भयो। प्रभुका चेलाहरूले पवित्र आत्माबाट साहस पाए र मण्डलीको उन्नति भयो। चेलाहरू परमेश्वरको डर राखेर हिंड्थे र मानिसहरू पनि थपिँदै गए।"

येशूका चेलाहरू आफू भन्दा कुनै अत्यन्त वृहत हुने कुरामा जोशिलो भएका थिए। अर्थात् आफूले पाएका आत्मज्ञानलाई आफूहरूमा मात्र सिमित राख्न चाहेनन्। सारा संसारमा सुसमाचार फैलाउने येशूको निर्देशन आफ्ना व्यक्तिगत महत्त्वाकाँक्षाहरूले भन्दा वढि प्राथमिकता तिनीहरूले दिएका थिए। जबसम्म चर्चका विश्वासीहरू एक हुँदैन तब

सम्म समाजमा सुसमाचार पुऱ्याउन सकिन्दैन। फेरि सुसमाचारको प्रचारमा पूर्णता नपाएसम्म चर्च एक पनि हुन सक्दैन।

कुनै मीसन वा लक्ष्यमा चर्च चल्यो भने विश्वासीहरू एकजुट पार्न सकिन्छ। सुरूका विश्वासीहरू आफूले पाएका सन्देश र त्यसलाई घरदैलोमा पुऱ्याउने लक्ष्यमा जोशिलो भएका थिए। ती विश्वासीहरूलाई एकत्रित पारिराख्ने र एक आपसमा मिलेर काम गर्ने विश्वासका आधार नै यी थिएः प्रभु येशूको जीवन, मृत्यु, उहाँको पुनरुत्थान, उहाँको मूल पूजारिय काम र दोस्रो आगमनको आत्मज्ञान। "प्रेरितहरूले सिकाएका विद्यालाई (नयाँ) विश्वासीहरू मिलेर अध्ययन गरे" (प्रेरित २:४१,४२ रूपान्तरित)। येशूको शिक्षादिक्षाले गर्दा नै तिनीहरूमा एकता हुन टेवा मिलेको थियो।

चर्चले सिकाएका विद्या "वर्तमान तथा समयसापेक्षिक सत्य" भनेर पत्रुसले प्रयोग गरेका थिए (२ पत्रुस १:१२)। पत्रुसको दिनमा त्यस वर्तमान सत्यले चर्चलाई एकत्रित पारेको थियो र येशूको बारेमा गरिएको पुरानो करारका भविष्यवाणीहरू कसरी पूरा भए भनेर सारा संसारमा प्रचार गर्न तिनीहरू तम्सिएका थिए। त्यसकारण भविष्यवाणी पूरा भएको धेरै महत्त्वपूर्ण समयसापेक्षित सन्देशले सारा चर्चलाई एकसूत्रमा बाँधेको थियो।

अहिले विश्वको इतिहासको अन्तिम घडीमा रहेका उहाँको जनहरूलाई पनि अति महत्त्वपूर्ण समयसापेक्षित तथा वर्तमान सत्यले सुसज्जित पारेको छ (प्रकाश १४:६-१२)। न्याय, आज्ञापालन गरि अनुशासित जीवनशैली अपनाउने र प्रभुको आगमनका विषयवस्तुहरूलाई समेटेर "अनन्तको सुसमाचार" सुनाउने अभिभारा प्रत्येक येशूभक्तलाई सुम्पिएको छ। संसारभरीका सेभेन्थ-डे एडभेन्टिस्ट परिवारलाई त्यहि सन्देशले एकत्रित पारेको छ। यदि त्यस सन्देशलाई आत्मसात् गर्ने कुरामा कमजोर भयौं भने वा त्यो त पुरानो कुरा हो भनेर त्यसलाई न्युनतममा झारियो भने चर्चको एकतालाई फुटाइदिन्छ। गरिमामय लक्ष्य बोकेका चर्चले आफ्नो पहिचानलाई नै त्यसले तहसनहस पारि दिन्छ। यदि चर्चले बोकेका सन्देश स्पष्ट भएन भने चर्चको गरिमा नै झर्दछ र त्यसको लक्ष्य असफल हुन्छ। तिन स्वर्गदूतहरूका भविष्यवाणीको सन्देशले सेभेन्थ-डे एडभेन्टिस्ट विश्वासीहरूलाई एक बनाउँछन् र ती सन्देश नै मिलेर काम गर्ने आधार हुन्।

हामीहरूको सन्देश र लक्ष्यसँग तपाईं कतिको संलघ्न हुनुभएको छ? भित्री मन खोतलेर आफूले आफैलाई सोध्नुहोस्, तपाईं किन सेभेन्थ-डे एडभेन्टिस्ट हुनुभयो?

## ४. सुसंगठित चर्चको व्यवस्थापनः विश्वासीहरूलाई एकत्रित पार्ने प्रणाली (प्रेरित १५:१:३१)

सुरूका चर्च अत्यन्त व्यवस्थित ढँगले चलेको थियो भनेर नयाँ करारमा उल्लेख गरिएको छ। त्यस व्यवस्थित प्रणालीले चर्चको शिक्षादिक्षालाई शुद्धतामा राखी त्यसलाई सुरक्षित राखेको थियो। अनि सारा विश्वासीहरूको दिमागलाई पनि एउटै लक्ष्यमा अग्रसर हुन त्यस व्यवस्थित प्रणालीले उल्लेखनीय भूमिका खेलेको थियो।

यथोचित मानविय समस्याहरूबाट चेलाहरू पन्छिएका थिएनन्। ग्रीक (वा विदेशी) तथा गैर यहूदी विश्वासीहरूमा विधवीहरू पनि थिए। एक समय ती विधुवीहरूलाई चाहिने भौतिक खानाहरूप्रति यहूदी विश्वासीहरूले वास्ता गरेनन् भनेर चर्चमा कचकच भएको थियो। त्यस समस्याको समाधान गर्न चेलाहरूको सानो समूह भेला भएका थिए भनेर प्रेरित ६मा उल्लेख गरिएको छ। चर्चमा भएका समस्यालाई रेखदेख गर्न तिनीहरूले डिकनहरूलाई नियुक्त गरे। चर्चको अगुवाहरूको निर्देशनमा चर्चका विश्वासीहरूमा भएका समस्याहरू सम्हाल्ने काम ती डिकन अर्थात् चर्चका पदाधिकारीहरूको थियो। अनि चर्चका सदस्यहरूले तिनीहरूको सेवा गर्ने अधिकारलाई सम्मान गर्दथे।

त्यहि सन्दर्भमा हामीले पावलको घट्नाको याद गर्दछौं। जब उनले आधुनिक सिरियाको राजधानी डमस्कसको बाटोमा ख्रीष्टलाई ग्रहण गरे तब उनलाई चर्चको अगुवा आननियासकहाँ जान येशूले अगुवाई गर्नुभएको थियो (प्रेरित ९:१०-१७)।

आनानियसले पावललाई बप्तिस्मा दिएपछि यरुशलेममा रहेका चर्चका अगुवाहरूलाई भेट्न पवित्र आत्माले उनलाई अगुवाई गरेका थिए। पावलको सुरूको ख्रीष्ट विरोधी चर्तिकलादेखि तर्सेका चेलाहरू एक भएर परमेश्वरको काममा लागेको पावललाई पवित्र आत्माकै अगुवाईमा समर्थन गरे। उनको सेवाकार्यमा सहायता गर्न ती चेलाहरूले सहमती जनाए (प्रेरित ९:२६-३०)।

**अनि पावल पनि अग्रज अगुवाको पङ्क्तिमा उभिन पुगेको अवस्थामा एक दिन एफिससको चर्चका अगुवाहरूलाई भेटेका थिए। येशूप्रतिको विश्वासलाई भड्काउने तर इसाई नै हुँ भनेर दावी गर्ने झुठा शिक्षक वा धर्मगुरू र तिनीहरूका शिक्षादेखि सतर्क हुनु भनेर एफिससका अगुवाहरूलाई पावलले खबरदारी गरेका थिए (प्रेरित २०:१७, २७-३२)।**

फेरि खतना वा नसच्छेदन (बालकको लिङ्गलाई छोप्ने छाला काट्ने परम्परा) गर्ने यहूदीहरूको संस्कार चर्चमा एक ठूलो समस्याको रूपमा खडा भएका थिए। यहूदी येशूभक्तहरूले आफू खुशी नसच्छेदन गरेतापनि गैर यहूदी वा यहूदी जातभन्दा बाहिरका मानिसहरू इसाई भए भने तिनीहरूलाई पनि के नसच्छेदन गर्न निर्देशन दिने त? त्यो र अरू समस्याहरूलाई समाधान गर्न जब चर्चका अगुवाहरू भेला भए तब तिनीहरूले कस्तो निर्णय गरे भने प्रेरित १५:१-३१मा यसरी दिएको छः "त्यसपछि कोही मानिसहरू यहूदिया क्षेत्रबाट आएर एन्टिओखिया सहरका दाजुभाइहरूलाई यसरी सिकाउन लागे, "मोशाले दिएका व्यवस्थाको रीतिअनुसार खतना नगरी तिमीहरूले मुक्ति पाउन सक्दैनौ।" २ यस्तो प्रकारको शिक्षा सुनेर पावल र बारनाबासले तिनीहरूसँग धेरै तर्कवितर्क गरे। यसकारण त्यहाँका भाइहरूले पावल, बारनाबास र अरू कति जनालाई यस प्रश्नको फैसलाको निम्ति प्रेरितहरू र धर्म-गुरुहरूकहाँ यरूशलेममा पठाउने निर्णय गरे। उनीहरूले यरूशलेममा बस्ने प्रेरित र मण्डलीका अरू अगुवाहरूसँग कुरा गरेर त्यसको बारेमा टुँङ्गो लाउने आदेश पाए। ३ मण्डलीका दाजुभाइ र दिदी-बहिनीहरूले तिनीहरूलाई यात्रामा जानको लागि सहायता दिएर पठाए। तिनीहरू फोनिके र सामरिया क्षेत्रहरूबाट गए। यसरी जाँदाजाँदै तिनीहरूले ठाउँ-ठाउँमा भएका प्रभुमा विश्वास गर्ने दाजुभाइहरूलाई अन्य-जातिहरूले पनि विश्वास गरेका छन् भन्ने कुरा सुनाए। यो कुरा सुनेर ती दाजुभाइहरू धेरै खुसी भए। ४ यरूशलेम सहर आइपुग्दा त्यहाँ भएका प्रभुमा विश्वास गर्ने दाजुभाइ, प्रेरित र मण्डलीका धर्म-गुरुहरूले उनीहरूको स्वागत गरे। त्यसपछि पावल र बारनाबासले त्यहाँ भेला भएका सबैलाई परमेश्वरले उनीहरूद्वारा गर्नुभएको कामहरूको बारेमा बताए। ५ उनीहरूको कुरा सुनेर प्रभुमा विश्वास गरेका केही फरिसीहरूले चाहिँ उभिएर यसो भने, "अरू

जातिबाट आउने चेलाहरूले यहूदी रीतिअनुसार खतना गर्नैपर्छ अनि
तिनीहरूलाई मोशाले दिएका व्यवस्था पूरै पालन गर्न लगाउनुपर्छ।” ६
प्रेरित र मण्डलीका धर्म-गुरुहरूले यस कुराको लागि सभा गरे। ७ धेरै
वाद-विवाद भएपछि पत्रुसले उठेर भने, “दाजुभाइहरू हो, तपाईंहरूलाई
थाहै छ, अरू जातिका मानिसहरूले प्रभु येशूको सुसमाचार सुनेर विश्वास
गरी मुक्ति पाऊन् भनेर परमेश्वरले मलाई तपाईंहरूको बीचबाट निकै
समय अगाडि नै छान्नुभएको थियो। ८ सबै मानिसको हृदय जान्नुहुने
परमेश्वरले हामीलाई दिएजस्तै गरी अरू जातिका मानिसहरूलाई पनि
पवित्र आत्मा दिनुभयो। यसरी उहाँले अरू जातिका मानिसहरूलाई
आफ्नो बनाउनुभयो। ९ उहाँले यहूदी र अरू जातिका मानिसहरूमा
भेदभाव राख्नुभएन। अरू जातिका मानिसहरूले विश्वास गरे र
परमेश्वरले तिनीहरूको हृदयलाई शुद्ध पार्नुभयो। १० न त हाम्रा
पुर्खाले न हामीले यो भारी उठाउन सक्यौं। त्यसैले हाम्रा पुर्खाले
उठाउन नसकेको भारी अरूलाई बोकाएर किन परमेश्वरको जाँच गर्ने?
११ त्यस्तो नगरौं। तिनीहरूजस्ता हामीहरू पनि विश्वास गरेर हाम्रा
प्रभु येशूको अनुग्रहले नै बचाइएका हौं।” १२ त्यस बेला सबै चुप
लागे। पावल र बारनाबासले अरू जातिका मानिसहरूका बीचमा
परमेश्वरले उनीहरूद्वारा गर्नुभएका अचम्मका कामहरूको बारेमा
बताउँदा सबैले ध्यान दिएर सुनिरहे। १३ उनीहरूले बोलिसकेपछि
याकूबले उठेर भने, “दाजुभाइहरू हो, मेरो कुरा सुन्नुहोस् है! १४
परमेश्वर आफैंले दया गरेर अरू जातिका मानिसहरूका हृदयमा काम
गरी तिनीहरूलाई आफ्ना जन बनाउनुभयो। यो त सिमोन पत्रुसले
तपाईंहरूलाई भर्खरै बताउनुभयो। १५ अगमवक्ताहरूले धर्मशास्त्रमा
पनि यस्तै लेखेका छन्– १६ ‘त्यसपछि म फर्कनेछु र दाऊदको ढलेको
घरानालाई फेरि उठाउनेछु र भत्केको फेरि बनाउनेछु म त्यसलाई फेरि
शक्तिशाली बनाउनेछु। १७ मैले आफ्नै बनाउन बोलाएको अरू
जातिका मानिसहरू मकहाँ आउनेछन्’। १८ भनेर प्रभु परमेश्वरले
भन्नुहुन्छ, जसले धेरैअघि नै यी कुरा जनाउनुभएको थियो। १९ “त्यसो
हुँदा परमेश्वरमा आएका अरू जातिका मानिसहरूलाई हामी दुःख
नदिऔं भन्ने मेरो विचार छ। तैपनि अब हामी उनीहरूलाई एउटा पत्र
लेखौं २० र त्यसमा उनीहरूलाई यी कुराहरूको जानकारी दिऔं–
‘मूर्तिलाई चढाएर अशुद्ध भएका खाना नखानू, व्यभिचारबाट अलग भएर

बस्नू अनि घाँटी निमोठेर मारेको पशुको मासु नखानू र केहीको पनि रगत नपिउनू'। २१ किनभने मोशाले दिएको व्यवस्था त उहिलेदेखि नै विश्राम दिनैपिच्छे सभाघरहरूमा पढेर सुनाइएकोले उनको शिक्षा सहरैपिच्छेका मानिसहरूले पनि जानिसकेका छन्।" २२ त्यसपछि प्रेरित र मण्डलीका धर्म-गुरुहरूले प्रभुमा विश्वास गर्ने सबै दाजुभाइहरूसँग मिलेर दुई जना मानिसलाई चुने। उनीहरूले ती दुई जनालाई पावल र बारनाबासको साथ लगाएर एन्टिओखिया सहरमा पठाउने निश्चय गरे। ती छानिएका दुई जना मानिस बारनाबास भनिने यहूदा र सिलास थिए। प्रभुमा विश्वास गर्ने सबै दाजुभाइहरूमा ती दुई भाइ अगुवा थिए। २३ ती चार जनाको हातमा यस्तो खालको पत्र दिएर पठाए– एन्टिओखिया, सिरिया र किलिकियामा रहने प्रभुमा विश्वास गर्ने अरू जातिका दाजुभाइहरूलाई तपाईंका दाजुभाइ अर्थात् यहाँका प्रेरित र मण्डलीका धर्म-गुरुहरूबाट अभिवादन छ। २४ हामीहरूको बीचबाट गएका कुनै-कुनै मानिसहरूले उल्टो शिक्षा दिएर तपाईंहरूलाई दुःख दिए भन्ने कुरा हामीहरूले सुनेका छौं। तर हामीहरूले ती मानिसहरूलाई पठाएका होइनौं। २५ त्यसो हुँदा हामीले सभा गऱ्यौं, अनि एकमत भई हाम्रा कुरा तपाईंहरूकहाँ पुऱ्याउन हामीहरूकै बीचबाट केही दाजुभाइलाई छानेर हाम्रा प्रिय भाइ पावल र बारनाबाससँगै पठाउने निर्णय गऱ्यौं। २६ पावल र बारनाबासले प्रभु येशू ख्रीष्टको कामको लागि आफ्नो ज्यानसमेत झण्डै गुमाएका थिए। २७ यी दुई भाइहरूसँगै हामीले यहूदा र सिलासलाई पनि पठाएका छौं। हामीले लेखेको कुरा उनीहरू आफैंले पनि तपाईंहरूलाई बताउनेछन्। २८ अब पालन गर्नुपर्ने मुख्य कुराबाहेक तपाईंहरूलाई मोशाले दिएका नियमको अरू बोझ नबोकाउनु नै पवित्र आत्मा र हामीहरूले ठीक ठहरायौं। २९ अब मुख्य कुराचाहिँ यिनै हुन्– मूर्तिलाई बलि चढाएको कुरो नखानू, केहीको पनि रगत नपिउनू, घाँटी निमोठेर मारेको पशुको मासु नखानू अनि व्यभिचारबाट अलग भएर बस्नू। यी कुराहरू पालन गर्नुभयो भने तपाईंहरूलाई असल हुनेछ। तपाईंहरू सबैको भलो होस्। भन्नुपर्ने कुराचाहिँ यति नै हो।' ३० त्यसपछि ती चार दाजुभाइहरू यो पत्र दिएर एन्टिओखिया सहरमा गए। त्यहाँ उनीहरूले मण्डलीका सबै मानिसहरूलाई बोलाएर त्यो पत्र दिए। ३१ त्यो हौसला दिने पत्र पढेर सुनाउँदा सबै खुसी भए।"

प्रथम शताव्धीको चर्चमा विभिन्न मतले पिरोलेको हुनाले त्यो चर्च विभाजित हुने अवस्थामा पुगेको थियो। तर जब यरुशलेममा चेला र अरू अगुवाहरू भेला भएर आपसी निर्णय गरे तब विभाजितहुनबाट चर्च बचे। चर्चका शिक्षादिक्षा वा विद्यालाई शुद्ध राख्न असल अगुवाहरूको अगुवाईमा चर्चको असल व्यवस्थापन प्रणालीको ठूलो महत्त्व हुन्छ। चर्चलाई योजनावद्ध तरिकाले अगुवाई गर्नु चर्चका अगुवाहरूको दायित्व हो। जब स्थानिय चर्चमा समस्या खडा भए तब स्थानिय चर्चबाट केहि मानिसहरूलाई त्यसको प्रतिनिधित्व गराउँदै तिनीहरूलाई यरुशलेममा पठाए। त्यहाँ चर्चका अगुवाहरू मिलेर महाशभा गरे। त्यहाँ यहूदी परम्परा मान्ने वा नमान्ने र इसाई शिक्षादिक्षा सम्वन्धी विभिन्न विषयवस्तुहरूमा वादविवाद र अनेकन् तर्क वितर्कहरू प्रस्तुत भए। चर्चका अगुवा र स्थानिय प्रतिनिधीहरूको बीचमा छलफल भएको थियो। त्यहाँ भएका छलफलले चर्चको भविष्यलाई गम्भिररूपमा असर पर्ने थियो। जब विभिन्न छलफलबाट सबै जना यथोचित विषयवस्तुहरूमा सहमती भए अनि समितीको निर्णयलाई लिखित रूपमा प्रस्तुत गरे। अनि समस्याले पिरोलेका सिरिया, आन्टिओक र सिलसियाका चर्चहरूमा निर्णय गरेका ती प्रस्ताव पुऱ्याउन सहमती जनाए (प्रेरित १५:२३)।

इस्राएलबाट बाहिर रहेका अरू चर्चका सदस्यहरूले यरुशलेममा भएका महाशभाको निर्णयलाई सहस्र स्वीकार गरे। तिनीहरूमा भएका गम्भिर समस्यालाई पवित्र आत्माको अगुवाईमा समाधान भएको तिनीहरू अत्यन्त आनन्दित भएका थिए (प्रेरित १५:३०-३५)।

यदि तपाईं सेभेन्थ-डे एडभेन्टिस्ट हुनुहुन्छ भने स्वत तपाईं चर्चको व्यवस्थापन प्रणालीमा समावेश हुनुभएको हुन्छ। त्यस व्यवस्थापनमा तपाईंको भूमिका के छ? के तपाईं दर्शकमात्र भएर टुलुटुलु हेरिरहने कि चर्चको व्यवस्थापन प्रणालीलाई सघाउन पनि अग्रसर हुने?

## ५. एकताको उपलव्धी (मत्ती १८:१६-२०)

जब हामी येशूको जतिजति नजिक हुन्छौं त्यतित्यति एकआपसमा पनि नजिक हुन्छौं। प्रत्येक विषयवस्तुलाई नयाँ आत्मिक सुझबुझले हेर्नेछौं। हामी एक आपस फरक छौं भनेर फरक व्यक्तित्वलाई पहिचान गर्दै ख्रीष्टमा एकमत हुन पवित्र आत्माले नै हामीलाई सघाउँछ।

सानोतिनो कुराले हाम्रो मन विगार्छ वा चित्त दुखाउँछ भने ख्रीष्टको सहायताले त्यस्ता कुराहरूले हामीलाई फाटो राख्दैन। हामीहरूमा भएका तिता झैंझगडाहरूलाई ख्रीष्टको अचम्मको अनुग्रहले बिर्सन सहायता गर्दछ। पुराना कचिङ्गलहरू स्वःत समाप्त हुन्छ। अरूसँगको सम्बन्धमा फाटो ल्याउने तगारोहरू टुक्रिन्छ। येशूको सुसमाचारले विग्रिएको सम्बन्धलाई निको पारिदिन्छ।

पेन्टिकोस्टको समयमा पवित्र आत्मा पूर्ण रूपमा खनिएको घट्नालाई उदाहरणको रूपमा लिन सक्दछौं (प्रेरित २)। जब पवित्र आत्मा तिनीहरूमा खनिए तब चेलाहरूको बीचमा भएका विभिन्न असहमतीका मनस्थितिहरू गायब भएका थिए। क्रुसबाट चम्मिकएको ज्योतिले चेलाहरू एक आपसमा फरक ढँग अर्थात् येशूनितिले हेर्न थालेको थियो।

“प्रत्येक इसाईले आफ्नो भाइलाई परमेश्वरको प्रेम र करूणाको उदाहरण भएको देखेको थियो। एक महत्त्वपूर्ण विषयवस्तुमा ती सबैको चासो केन्द्रित भएको थियो। त्यो थियो, ख्रीष्टलाई आँशिक होइन तर पूरै पछ्याउने। ख्रीष्टको चरित्र देखाउने र सकेसम्म परमेश्वरको राज्यलाई फराकिलो पार्ने सबै विश्वासीहरूको आकाँक्षा थियो।"- एलेन जी ह्वाइट, आक्टस् अभ आपोस्टल्स, पृ ४८बाट रूपान्तरित।

प्रथम् शताव्धीका इसाईहरूका आचरणहरूले के देखाएका थिए जसले तिनीहरू एक आफसमा एकताको सूत्रमा बाँध्न जोशिलो बनाएको थियो। तिनीहरूको व्यवहारिक चरित्रको सूची बनाउनुहोस्। तिनीहरूको मनस्थिति केमा ढालिएको थियो जसले गर्न विश्वासीहरू प्रभावकारी रूपमा एकजुत भएर परमेश्वरका अघि बढेका थिए? उदाहरणमाः मत्ती १८:१५-२०," “यदि तिम्रो भाइले तिम्रो विरुद्धमा पाप गरेको छ भने उसलाई एक्लै गएर सम्झाऊ। उसले तिम्रो कुरा सुन्यो भने तिमीले उसलाई आफूपट्टि फर्काएको हुनेछौ। तर उसले तिम्रो कुरा सुनेन भने अरू एक-दुई जना सँगै गएर उसलाई सम्झाऊ किनभने धर्मशास्त्रले भनेजस्तो सबै झैं-झगडाहरूको फैसला गर्नलाई दुई वा तीन जना साक्षी बोलाउनुपर्छ। त्यति हुँदाहुँदै पनि उसले कुरा सुनेन भने मण्डलीमा गएर तिमीले पूरै कुरा खोलिदेओ अनि तिनीहरूको कुरा पनि उसले सुनेन भने उसलाई ईश्वर नमान्ने र कर उठाउनेलाई जस्तै गरी त्यागिदिनू। साँच्चै म तिमीहरूलाई भन्छु, जे तिमीहरूले यस पृथ्वीमा बाँध्छौ, त्यो

स्वर्गमा पनि बाँधिनेछ। अनि जे तिमीहरूले यस पृथ्वीमा फुकाउला, त्यो स्वर्गमा पनि फुकाइनेछ। अनि म तिमीहरूलाई फेरि भन्छु, यस पृथ्वीमा तिमीहरू दुईले जे माग्ने हो, सो मिलेर माग्यौ भने स्वर्गमा हुनुहुने तिमीहरूका परमेश्वर पिताले तिमीहरूलाई त्यो दिनुहुनेछ किनभने जहाँ दुई वा तीन जना मेरो नाउँमा भेला हुन्छन्, म तिनीहरूको बीचमा हुनेछु।" प्रेरित १:१२-१४, "त्यसपछि तिनीहरू जैतुन डाँडा छोडेर यरूशलेमतिर लागे। त्यहाँदेखि यरूशलेमसम्म आधा घण्टा जतिको बाटो छ। १३ यरूशलेम पुगेर तिनीहरू आफू बस्ने गरेको घरको माथिल्लो तलामा चढी एउटा कोठामा जम्मा भए। त्यहाँ जम्मा हुनेहरूमा पत्रुस, यूहन्ना, याकूब, अन्द्रियास, फिलिप, थोमा, बारथोलोमाइ, मत्ती, अल्फयसका छोरा याकूब, देशभक्त दलका सिमोन र याकूबका छोरा यहूदा थिए। १४ तिनीहरू केही दिदी-बहिनीहरू र येशूकी आमा मरियम र उहाँका भाइहरूसँग जम्मा भएर प्रार्थनामा लागिरहन्थे।" प्रेरित १२:५,१२, "पत्रुस झ्यालखानभित्र कैद हुँदा मण्डलीले एउटै मनका भएर तिनको लागि परमेश्वरसँग लगातार प्रार्थना गरिरहेका थिए।.....१२ यो कुरा बुझेपछि उनी मरियमको घरमा गए। मरियमचाहिँ मर्कूस भनिने यूहन्नाकी आमा थिइन्। मरियमको घरमा धेरै मानिसहरू जम्मा भएर प्रार्थना गरिरहेका थिए।" प्रेरित ६:७, "यसरी परमेश्वरको शिक्षा फैलिंदै गयो। प्रभु येशूका चेलाहरूको सङ्ख्या यरूशलेममा झन्-झन् बढ्दै गयो र धेरै पूजाहारीहरूले पनि प्रभु येशूमा विश्वास गरे।" मत्ती २८:१६-२०, " एघार जना चेलाहरू येशूले जान भन्नुभएको गालीलको डाँडामा गए। १७ येशूलाई देख्नासाथ तिनीहरू उहाँको अगाडि घोप्टो परे। तैपनि तिनीहरूमध्ये कति चेलालाई त 'येशू नै हो कि होइन' भन्ने शङ्का लाग्यो। १८ तब येशू नजिक आएर तिनीहरूलाई भन्नुभयो, "हेर, स्वर्ग र पृथ्वीको सबै अधिकार मलाई दिइएको छ। १९ अब तिमीहरू गएर सबै मानिसहरूलाई मेरा चेलाहरू बनाओ। तिनीहरूलाई पिता, पुत्र र पवित्र आत्माको नाउँमा बप्तिस्मा देओ। २० तिनीहरूलाई मैले आज्ञा गरेका सबै कुराहरू मान्न सिकाओ। अनि हेर, म सधैंभरि, अँ संसारको आखिरी दिनसम्मै तिमीहरूसँगै रहनेछु।"

**"हामी एक हौं" भनेर गीत गाउँदैमा, "एक हुने" आशा गर्दैमा, एकताको निम्ति चाहना गर्दैमा एकता हुने कुरो होइन। नयाँ करारका**

चर्चले प्रार्थना गरेको थियो। तिनीहरू पारस्परिक सम्बन्ध गाढा थियो। तिनीहरू परमेश्वरको वचन सँगसँगै मिलेर अध्ययन गरेका थिए। तिनीहरूमा भएको आस्था, भक्ती एक आपसमा बाँडचुड गरेका थिए। चर्चको एकता मजबुतसँग कायम राख्न प्रार्थना, बाइबल अध्ययन र गवाही दिने कार्यक्रमलाई सुचारू रूपमा राख्नु पर्दछ। जब हामी मिलेर प्रार्थना गर्छौं तब हामीहरूमा हुने सम्बन्ध पनि घनिष्ठ हुनसक्छ। अरूको माझमा सुसमाचार वा सेवाकार्य गर्न सहभागी भयौं भने विश्वासीहरूको बीचमा एकताको भावना जागृत हुन्छ। सबै कुरामा हामी मिलीजुली भएर चलेकाछौं भन्ने मनस्थितिमा गौरवता आउँदछ। जीवित, एकतामा रहेको र बलियो चर्चका सदस्यहरूले सँगसँगै प्रार्थना गर्दछन्, बाइबल पढ्दछन् र तिनीहरूको समाजमा सेवा गर्न हातेमालो गर्दछन्।

तपाईंको चर्चको एकतामा खलल वा वाधा पुऱ्याउने कस्ता कस्ता तत्वहरू छन्? त्यस्ता तत्वहरूलाई बुझेर त्यसप्रति हामी किन सजग हुनुपर्दछ? चर्चलाई टुक्राउने तत्वहरूको सामना गर्न हामी किन तयार हुनुपर्दछ?

**उपसँहारः**

<u>थप जानकारीः</u> "येशूका प्रथम् चेलाहरू त्यस्ता व्यक्तित्व भएका मानिसहरू थिए जसमा फरक चरित्र र विचारहरू थिए। तिनीहरू संसारको निम्ति गुरू हुनुपर्ने थियो, तर तिनीहरूको भिन्न भिन्न गुण वा अवगुणहरूले गर्दा त्यो गरिमामय काममा सक्षम् भएका थिएनन्। परमेश्वरको काममा सफलतापूर्वक अघि बढ्न ती विभिन्न चरित्र र मनस्थिति बोकेका चेलाहरूमा एकताको भावना आउनु जरूरी थियो। तिनीहरूको सोच र क्रियाकलापमा एकमत हुनु नितान्त आवश्यक थियो। ती विभिन्न मानिसहरूलाई एकै ठाउँमा ल्याएर आफ्नो निम्ति एक बनाएर राख्ने ख्रीष्टको लक्ष्य थियो।"–"एलेन जी ह्वाइट, द आक्टस् अभ आपोस्टल्स, पृ. २०बाट रूपान्तरित।

**चिन्तनमननः**

अ. व्यवस्थित तथा एकजुट भएको चर्च प्रणाली हाम्रो निम्ति किन जरूरी छ? यदि विभिन्न चर्च समूहरू आआफ्नै ढँगमा चले भने हामीहरूको चर्चको गरिमामय, लक्ष्य र

सन्देशलाई कस्तो असर पार्न सक्छ होला? चर्चको नाउँमा हुने अन्यौलताको कल्पना गर्नुहोस्।

आ. "म किन सेभेन्थ-डे एडभेन्टिस्ट भएँ" सोच्नुहोस्।

इ. चर्चको निम्ति एकता धेरै आवश्यक तत्व हो। तर चर्चमा त्यो भन्दा अरू पनि अझ महत्त्वपूर्ण कुराहरू छन्, ती के हुन् त? विभिन्न शिक्षादिक्षा सिकाइरहेका चर्चका धर्मगुरूले पावलको टाउको दुखाएको थियो। त्यस्ता मानिसहरूलाई सम्हाल्न उनले लेख्दछन्, "यदि हामीले नै सुसमाचारको नाउँमा अर्कै सन्देश प्रचार गऱ्यौं रे ! स्वर्गबाट स्वर्गदूत नै आएर फरक सुसमाचार सुनाए रे! हामीले सिकाएका सुसमाचार भन्दा फरक सुसमाचारको बारेमा म तिमीहरूलाई भन्दैछु। त्यस्ता फरक सुसमाचार सुनाउनेहरूलाई परमेश्वरले नै सदाको निम्ति न्याय गरून्। मैले अघिबाटै भनिसकेको छु। म फेरि पनि भन्दछु। सुरूमा तिमीहरूलाई हामीले सिकाएको विद्या वा सुसमाचारमा विश्वास गरेको भन्दा अरू कसैले अर्कै कुरा ल्याएर तिमीहरूको मन बहालाइ दिन्छ भने त्यसलाई परमेश्वरले नै सदाको निम्ति न्याय गरियोस्।" (गलाती १:८, ९ रूपान्तरित)। के तपाईंलाई थाहा छ, गलातीका इसाईको एकतामा के भएको थियो?

ई. हामी सेभेन्थ-डे एडभेन्टिस्ट भएको हैशियतले हामीमा भएको सन्देश र लक्ष्यको गरिमालाई गम्भिर भएर सोच्नुहोस्। हामीमा सन्देश भएन हामीहरूको लक्ष्यको अर्थ के हुन्छ त? हामीले सुनाएको विशेष सन्देश संसारको अरू कुनै निकाय वा इसाई समूहले सिकाइरहेको छैन। फेरि त्यसै वखत हामीहरूको लक्ष्य वा मिशन र सन्दैश बाहेक अरू कुन् कुन् तत्वहरू छन् जसले हामीलाई एकताको सूत्रमा बाँधी राख्दछ?

उ. कुनै पनि आत्मिक पुनर्जागरण वा जागृति तथा असल सुधारियको जीवनको निम्ति एकताको किन खाँचो हुन्छ?